मिति २०७८/०९/१२ वैठक संख्या: ८०

आज मिति २०७८/०९/१२ गते बिहान ८:०० बजे यस देवघाट गाउँपालिकाका अध्यक्ष श्री दुर्ग बहादुर थापाको ज्युको अध्यक्षतामा देवघाट गाउँकार्यपालिकाको वैठक बस्यो ।

**उपस्थितीः**

| | नामथर | पद |
|---|---|---|
| १) | श्री दुर्ग बहादुर थापा | गा.पा. अध्यक्ष |
| २) | श्री बिमला थापा | गा.पा. उपाध्यक्ष |
| ३) | श्री रमेश सुवेदी | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |
| ४) | श्री भिम बहादुर गुरुङ | १ नं. वडाध्यक्ष |
| ५) | श्री पोल बहादुर आले | २ नं. वडाध्यक्ष |
| ६) | श्री कृतिमान आले | ३ नं. वडाध्यक्ष |
| ७) | श्री पदम बहादुर गुरुङ | ४ नं. वडाध्यक्ष |
| ८) | श्री याल बहादुर गुरुङ | ५ नं. वडाध्यक्ष |
| ९) | श्री चन्द्र प्रकाश वि.क. | गा.का.पा. सदस्य |
| १०) | श्री रत्न बहादुर बोटे | गा.का.पा. सदस्य |
| ११) | श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| १२) | श्री भोगी माया राना | गा.का.पा. सदस्य |
| १३) | श्री अनिता गुरुङ | गा.का.पा. सदस्य |
| १४) | श्री प्रेम माया गुरुङ | गा.का.पा. सदस्य |

**कर्मचारी उपस्थितीः** श्री उमानाथ ढकाल (लेखा अधिकृत)

श्री गोविन्द प्रसाद पौडेल (अधिकृत)

श्री दुर्गा बहादुर राना ([illegible])

# देवघाट गाउँपालिका

**वैठक संख्या ८०** **मितिः २०७८/०९/१२**

**प्रस्तावहरुः**

१. समिक्षा तथा जानकारी .................
२. नदीजन्य पदार्थ स्टक प्रमाणित र बिक्री अनुमती सम्बन्धमा ।
३. गाउँ सभा सम्बन्धमा ।
४. उपभोक्ता समितिबाट योजना तथा कार्यक्रम गराउने सम्बन्धमा ।
५. बहुक्षेत्रीय पोषण कार्यक्रम स्वीकृत सम्बन्धमा ।
६. निजी जग्गाबाट ढुङ्गा, माटो, ग्राभेल उत्खनन र बिक्री वितरण सम्बन्धमा ।
७. वास (WASH) स्वयंसेवक परिचालन तथा सुविधा सम्बन्धमा ।
८. राष्ट्रिय योजना आयोगमा पठाउनको लागि समपुरक र विशेष अनुदानका योजना छनौट सम्बन्धमा ।
९. सिंच्याङ्ग सार्वाङ्ग साराङघाट मोटर मार्ग र साउने फोस्रेपानी कर्ताप मोटर मार्गको DPR संशोधन सम्बन्धमा ।
१०. गाउँपालिका प्रशासकीय भवनको थप काम सम्बन्धमा ।
११. गाउँपालिको प्रशासकीय भवन निर्माणको लागत सहभागिता बापतको रकम माग सम्बन्धमा ।
१२. पोषण कार्यक्रम वडा समिति गठन सम्बन्धमा ।
१३. गत आ.व.मा भुक्तानी दिन बाँकी लिची पकेट क्षेत्रको रकम भुक्तानी दिने सम्बन्धमा ।
१४. एक घर एक करेसाबारी बिउ बिजन ता कृषक सामाग्री निशुल्क वितरण सम्बन्धमा ।
१५. दुग्ध उत्पादक कृषकलाई उत्पादनको आधारमा प्रोत्साहन अनुदान सहयोग कार्यक्रम कार्यविधि २०७८ स्वीकृत सम्बन्धमा ।
१६. बाल विकास कक्षाका स.का.हरुलाई पारिश्रमिक सम्बन्धमा ।
१७. GESI समिति गठन सम्बन्धमा ।
१८. विविध

**निर्णयहरुः**

१. यस अघिको वैठकको निर्णयको प्रगति समीक्षा गरियो । साथै GESI Audit कार्यक्रम चलिरहेको जानकारी भयो ।
२. मिति २०७८ साल आषाढ २० गते देवघाट गाउँपालिकाको स्थानीय अनुगमन समितिको वैठकको निर्णय अनुसार नदीजन्य पदार्थ उत्खननको स्टक सम्बन्धमा निर्णय भएको र मिति २०७८/०३/३१ गतेको यस गाउँ कार्यपालिकाको कार्यालयको सूचना अनुसार आ.व. २०७७/०७८ मा गाउँपालिकाको कालीगण्डकी र त्रिशुली नदीघाटबाट उत्खनन भएको नदीजन्य पदार्थको स्टक प्रमाणितको लागि निवेदन प्राप्त भएको प्राप्त निवेदन अनुसार २०७८ श्रावण २६ गते गाउँपालिकाको अनुगमन समितिको बैठकबाट तपसील अनुसार स्टक प्रमाणित गरिएको र कोरोना महामारीको जोखिम तथा अत्याधिक वर्षात, बाढीको कारणले गर्दा उत्खनन गरेको सबै नदीजन्य पदार्थ

दुर्ग बहादुर थापा
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिकाभित्र वा बाहिर बिक्री गर्न नसकी स्टक रहेकोले गर्दा नियमानुसार राजश्व कर असूल गरी बिक्री गर्न अनुमती दिनको लागि कार्यपालिका वैठकबाट निर्णय हुन सिफारिस गरेकोले स्टक प्रमाणित शुल्क प्रति घ.मि. रु. ०.५० निवेदन दस्तुर रु. ५००/- र वातावरण शुल्क आर्थिक ऐन अनुसार असुल गरी स्टक प्रमाणितको आधारमा बिक्री गर्न अनुमती दिने र बिक्री गर्ने समय २०७८ माघ २२ गते सम्म तोक्ने निर्णय गरियो ।

**तपसील:**

| क्र.सं. | घाटको नाम | उत्खनन गरेका फर्म/कम्पनी | उत्खनन तथा बिक्री गरी बाँकी स्टक परिमाण |
|---|---|---|---|
| १ | त्रिशुली नदी भुवनटार घाट | सन्ध्या सन्देश निर्माण सेवा | १४,३१० घ.मि. |
| २ | कालीगण्डकी नदी कालीभतेरी घाट | सन्ध्या सन्देश निर्माण सेवा | ८,८०५ घ.मि. |
| ३ | त्रिशुली नदी सेती भेतरी घाट | जि.एम.आर. कन्स्ट्रक्सन | ८,७३५ घ.मि. |
| ४ | कालीगण्डकी नदी चापखोला घाट | गैंडाकोट विल्डर्स | १,५०० घ.मि. |

३. मिति २०७८/०९/२० गते गाउँ सभाको नवौं अधिवेशन गर्ने निर्णय गरियो ।

४. स्थायी रुपमा दर्ता भएका र स्थायी लेखा नं. प्राप्त गरेका सम्बन्धित कार्यक्षेत्रका उपभोक्ता समिति, टोल विकास समिति, विद्यालय, सामुदायिक वन उपभोक्ता समितिबाट योजना सम्झौता गरी कार्यान्यिवान गर्ने निर्णय गरियो । साथै सो अनुसार नभए सूचना प्रकाशन गरी काम गर्ने निर्णय गरियो ।

५. बहुक्षेत्रीय पोषण कार्यक्रम र बजेट स्वीकृत गरियो । पोषण कार्यक्रम वडा समिति गठन गरी सो को जानकारी गाउँपालिकालाई उपलब्ध गराउन वडा वडा कार्यालयलाई निर्देशन गरियो । र पोषण स्वयंसेवक सहजकर्ता १ (एक) जना कार्यालयले तोक्ने निर्णय गरियो ।

६. कार्यविधि नबन्दा सम्म अथवा बढीमा २०७९ जेष्ठ मसान्त सम्मको लागि तपसील अनुसारको कागजातको आधारम निजी जग्गाबाट ढुङ्गा, गिट्टी ग्राभेल उत्खनन र बिक्री वितरण गर्न अनुमती दिन निर्णय गरियो । राजश्व प्रदेशबाट तोकिएको दर अनुसार लिने निर्णय गरियो ।

**तपसील:**

१) निजी जग्गा व्यवस्थापन (खन्न, सम्याउन) गर्न पाउँ भनि कुनै देहाय बमोजिमको कागजात पेश गर्नुपर्दछ ।

क) जग्गाको हकभोग भएको जग्गा धनी पुर्जा,
ख) सम्पत्ति कर/भूमी कर तिरेको रसिद र नापी नक्सा,
ग) संयुक्त जग्गा भए हकवालाको मन्जुरी,
घ) मोही जग्गा भए मोही र जग्गाधनी दुवैको सम्झौता,
ङ) संधियारको मञ्जुरी (मुचुल्का)
च) खन्न, सम्याउन परेको व्यहोरा उल्लेखित निवेदन,
छ) सम्बन्धित वडाको सिफारिस
ज) २२५ घनमिटर भन्दा बढी परिमाण भएमा स्वीकृति प्रतिवेदन ।

२) गाउँपालिकामा निवेदन दर्ता भएपछि अध्ययन गरिने पक्षहरु

क) निवेदन साथ संलग्न कागजको प्रमाणिकरण

रमेश सुबेदी
प्रमुख प्रशासकीय अधिकृत

दुर्ग बहादुर थापा
अध्यक्ष

ख) जग्गा सम्याउनु, खन्नु पर्ने कारणको प्राविधिकबाट प्रतिवेदन
ग) कति परिमाणमा माटो, वालुवा, ढुङ्गा निस्कने हो सो को प्रतिवेदन
घ) कति समय लाग्ने हो समय विवरण
ङ) उत्खनन भएको खानीजन्य वस्तुको कहाँ कसरी व्यवस्थापन ।

७. खानेपानी सरसफाई तथा स्वच्छता (WASH) र पूर्ण सरसफाई कार्यक्रमलाई निरन्तरता दिनको लागि गत आ.व. मा स्वयंसेवक परिचालन गरिएको जसबाट जनचेतना बढाउन र कार्यक्रमलाई प्रभावकारी भएकोले यस आ.व. २०७८/०७९ मा पनि गत आ.व.मा परिचालन भएका स्वयंसेवकहरुलाई मासिक रु. २०,०००/- (बिस हजार) निर्वाह पारिश्रमिक दिने गरी ५ महिनाको लागि सम्झौता गरी परिचालन गर्ने निर्णय गरियो ।

८. राष्ट्रिय योजना आयोगमा प्रस्ताव गरी माग गरी पठाउनको लागि तपसील अनुसारका समपुरक र विशेष अनुदानका योजना छनौट गर्ने निर्णय गरियो ।

**तपसील:**

क) घिनाटार चोकबाट टाउनचोक हुँदै देउपुर सम्मको सडक कालोपत्रे

९. सिंच्याङ्ग सार्वाङ्ग साराङघाट मोटर मार्ग र साउने फोस्रेपानी कर्ताप मोटर मार्गको विस्तृत परियोजना प्रतिवेदन (DPR) मा उल्लेख भएको भन्दा फरक रुपले निर्माण भएको कार्यलाई अनुमोदन गरियो र अब हुने निर्माण कार्यमा पनि संशोधन गर्नुपरेकोले संशोधन स्वीकृत गरियो । साथै सिंच्याङ्ग-सार्वाङ्ग-साराङघाट मोटर मार्ग निर्माण कार्यलाई निरन्तरता दिन करिब रु. ४,००,००,०००/- (अक्षरुपी चार करोड रुपैया मात्र) बराबरको लागत इष्टिमेट गरी बोलपत्र आव्हान गर्ने र गाउँपालिकाले व्यहोर्नु पर्ने समपुरक रकम मध्ये रु. २०,००,०००/- (बिस लाख रुपैया) सोही ठाउँका वन उपभोक्ता समितिले व्यहोर्ने रु. ८०,००,०००/- (असी लाख) गाउँपालिकाबाट यस आ.व. मा विनियोजन भएकोमा नपुग हुने करिब रु. १,००,००,०००/- (एक करोड) रकम भुक्तानी दिन बाँकी राखी आगामी आ.व.मा भुक्तानी दिने निर्णय गरियो ।

१०. गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्य पुरा गर्न थप कामको छुट्टै सूचना प्रकाशन गरी गाउँपालिकाको प्रशासकीय भवन शिर्षकमा विनियोजित रकम मध्येबाट नै खर्च गर्ने निर्णय गरियो ।

११. गाउँपालिकाको प्रशासकीय भवन निर्माण सम्पन्न गर्न स्रोतको कमी भएकोले हालसम्म गाउँपालिकाले गरेको लगानीलाई लागत सहभागिता मानी लागत इष्टिमेट अनुसार नियमानुसार लागत सहभागिता स्वरुप रकम उपलब्ध गराइदिन संघ र प्रदेश सरकारसँग अनुरोध गरी लेखि पठाउने निर्णय गरियो ।

१२. पोषण कार्यक्रम वडा समिति गठन पत्राचार गर्ने निर्णय गरियो ।

१३. गत आ.व.मा भुक्तानी दिन बाँकी लिची पकेट क्षेत्रको रकम भुक्तानी दिने निर्णय गरियो ।

१४. एक घर एक करेसाबारी बिउ बिजन ता कृषक सामाग्री निशुल्क वितरण कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

१५. दुग्ध उत्पादक कृषकलाई उत्पादनको आधारमा प्रोत्साहन अनुदान सहयोग कार्यक्रम कार्यविधि २०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

१६. बाल विकास कक्षाका स.का.हरु र विद्यालय कर्मचारीको पारिश्रमिक गाउँसभा नवौं अधिवेशनको निर्णय अनुसार गर्ने निर्णय गरियो ।

दुर्गा बहादुर थापा
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

१७. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) कार्यदल तपसिल अनुसार गठन गर्ने निर्णय गरियो ।

क) गा.पा. अध्यक्ष श्री दुर्ग बहादुर थापा - संयोजक
ख) गा.पा. उपाध्यक्ष श्री विमला थापा - सदस्य
ग) गा.पा. प्रवक्ता एवं ५ नं. वडाध्यक्ष श्री याल बहादुर गुरुङ - सदस्य
घ) का.पा. सदस्य श्री चन्द्र प्रकाश वि.क. - सदस्य
ङ) का.पा. सदस्य श्री बाल कुमारी परियार - सदस्य
च) का.पा. सदस्य श्री याम माया गुरुङ - सदस्य
छ) महिला विकास इकाई प्रमुख - सदस्य सचिव

१८. प्रेस सल्लाहाकार आशिक रानालाई गत कार्यपालिकाको निर्णय अनुसार भएको सम्झौता बमोजिम २०७८ श्रावण महिना देखि २०७९ आषाढ मसान्त सम्म मासिक रु. २०,०००/- (बिस हजार रुपैया) भुक्तानी दिने निर्णय गरियो ।